**पर्यटकीय नगरी**

**सूर्योदय नगरपालिका, इलाम**

# सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन निर्देशिका २०७८

(सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६को दफा ५४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को खण्ड ‘ज' अनुसार तयार गरिएको )

सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन निर्देशिका २०७८

**नगर कार्यापालिकाबाट स्वीकृत मिति- २०७८-०६-०७**

**प्रस्तावना:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को खण्ड 'ज' मा उल्लेख भए अनुसार आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरुको कार्यान्वयन गर्न र विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाबाट विद्यालय कार्यसम्पादन निर्देशिका २०७८ जारी गरी लागू गरिएको छ।

परिच्छेद १

प्रारम्भिक

**सङक्षिप्त नाम र प्रारम्भ**

१. सङक्षिप्त नाम र प्रारम्भ

१) यो निर्देशिकाको नाम "सूर्योदय नगरपालिका विद्यालय कार्यसम्पादन निर्देशिका २०७८ " रहेकोछ।

२) कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछि तुरुन्त लागू हुनेछ।

२) परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा-

क) "ऐन" भन्नाले सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ सम्झिनु पर्छ र सो शव्दले प्रचलित शिक्षा ऐनलाई समेत बुझाउँछ।

ख) "कार्यपालिका" भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

ग) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको सूर्योदय नगरपालिका सम्झनु पर्छ।

घ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा काम गर्न तोकिएको शाखा अधिकृतलाई सम्झनु पर्छ।

ङ) "स्रोतव्यक्ति" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्राविधिक सहयोग गर्नका लागि तोकिएको व्यक्ति सम्झनु पर्छ।

च) "प्रधानाध्यापक " भन्नाले कानुन बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ।

छ) "नगर प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

झ) "व्यवस्थापन समिति" भन्नले प्रचलित कानुन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

ट) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा सम्बन्धी काम गर्ने शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

ठ) "वडाध्यक्ष" भन्नाले वडा कार्यालयको प्रमुखलाई सम्झनु पर्छ।

ड) "अभिभावक" भन्नाले विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै तथा निजको संरक्षण गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

ढ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने एक वर्षभरिको अवधि सम्झनु पर्छ।

ण) "संस्थागत विद्यालय " भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी अनुमति पाई स्थापना भएको विद्यालय सम्झनु पर्छ।

**परिच्छेद २**

कार्यसम्पादन सम्झौताका सूचकहरु

**नगरपालिका र विद्यालयका प्रधानाध्यापकबीच हुने कार्यसम्पादन सम्झौताका कार्य क्षेत्रहरु**

३.नगरपालिका र विद्यालयका प्रधानाध्यापकबीच निम्न कार्यक्षेत्रका आधारमा कार्यसम्पादन सम्झौता हुनेछ। उक्त कार्यक्षेत्र अनुसारका सूचकहरुको कार्यान्वयन गराउने दायित्व नगरपालिका, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ।

**मूख्य नतिजाका क्षेत्रहरु**

विद्यालयको उद्देश्य र लक्ष्य हासिल गर्न प्रधानाध्यापकले सम्पादन गर्ने कार्यहरुहरुलाई देहायका प्रमुख क्षेत्रहरुमा विभाजन

गरिएको छ। प्रत्येक कार्यक्षेत्रसँग सम्बन्धित नतिजाका क्षेत्रहरुलाई नतिजामूलक कार्यसम्पादन परिसूचक तथा परिमाणात्मक लक्ष्यका आधारमा अनुसूची ३ मा निर्धारण गरिएका छन्।

१. नीति, योजना तर्जुमा, बैठक तथा कार्यान्वयन
२. अतिरिक्त क्रियाकलाप
३. अनुगमन तथा मूल्याङ्कन
४. आर्थिक प्रशासन तथा वित्तीय अनुशासन
५. वालमैत्री सूचकको कार्यान्वय
६. शैक्षिक गुणस्तर सुधार
७. शैक्षिक तथा भौतिक पूर्वाधार
८. समुदाय केन्द्रित क्रियाकलाप
९. सम्पत्तिको संरक्षण, व्यवस्थापन र सरसफाई
१०. सुशासन तथा सार्वजनिक जवाफदेहीता
११. सूचना सञ्चार प्रविधिको उपयोग
१२. वैकल्पिक सिकाई
१३. विपद जोखिम न्यूनीकरण

४. (क) दफा ३ अनुसारको कार्यक्षेत्रका शैक्षिक उपलब्धि हासिल गर्न नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले विद्यालयका प्रधानाध्यापकसँग नतिजामूलक कार्यसम्पादन परिसूचक तथा परिमाणात्मक लक्ष्यका आधारमा अनुसूची ३ बमोजिम नगरपालिका प्रमुख, सम्बन्धित वडाका वडाध्यक्ष र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रोहवरमा कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(ख) दफा ३ अनुसारको सम्झौता सम्पूर्ण विद्यालयहरुसित अनिवार्य गराउनु पर्नेछ।

(ग) सम्झौता पश्चात नगरपालिकाले विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई उक्त सम्झौता कार्यान्वयन गर्न पहिलोपटक अभिमुखीकरण गराउनु पर्नेछ।

(घ) कुनै कारणले सम्झौता भए पश्चात प्रधानाध्यापक परिवर्तन भएमा पहिलेको प्रधानाध्यापकसित गरेको सम्झौता बहालबालाको हकमा समेत लागू हुनेछ। सोको जानकारी पहिलेको प्रधानाध्यापकले बहालबालालाई गराउनु पर्नेछ।

(ङ) कार्यसम्पादन मूल्याङ्कन गर्न नगरपालिकाले शिक्षा शाखा प्रमुखको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना कर्मचारी सहित २ सदस्यीय समिति गठन गरी शैक्षिक सत्र समाप्तिको ४ महिनाभित्र प्रत्येक विद्यालयमा पठाउनेछ। उक्त समितिले मूल्याङ्कन गर्ने कार्यादेश पाएको ४५ दिनभित्र मूल्याङ्कन प्रतिवेदन अनुसुची -५ को ढाँचामा नगरपालिकामा सिफारिस सहित पेश गर्नुपर्नेछ।

(च) मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन उपर नगर शिक्षा समितिमा छलफल गर्नुपर्नेछ। नगर शिक्षा समितिमा छलफल गरी उक्त प्रतिवेदन सुझाव सहित कार्यान्वयनका लागि नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ। नगर शिक्षा समितिले पेश गरेको प्रतिवेदन उपर नगरकार्यपालिकामा छलफल गर्नुपर्नेछ।प्रतिवेदनमा उल्लिखित कुनै विद्यालयको शैक्षिक उपलब्धीका सम्बन्धमा शङ्का लागेमा  वा उजुरी परेमा नगर शिक्षा समितिले छुट्टै मूल्याङ्कन समिति गठन गरी त्यस्ता विद्यालयको पुन: मूल्याङ्कन गर्न गराउन सक्नेछ।

(छ) मूल्याङ्कनबाट प्राप्त निष्कर्षका आधारमा नगर कार्यपालिकाले विद्यालयहरुलाई अनुसूची ६ मा उल्लिखित आधारमा वर्गीकरण गरिनेछ।

(ज) वर्गीकरणमा उत्कृष्ट ठहरिएका तीन विद्यालयहरुलाई नगरपालिकाको स्थापना दिवसको अवसरमा निम्नानुसार पुरस्कृत गरिनेछ। मूल्याङ्कन समितिले उत्कृष्ट ३ विद्यालयको नाम समेत अनुसूची -६ का साथ पेश गर्नुपर्नेछ।

-प्रथम हुने विद्यालयलाई रु. २,००,०००/- र सम्मान पत्र
- दोस्रो हुने विद्यालयलाई रु.१,५०,०००/- र सम्मान पत्र
- तेस्रो हुने विद्यालयलाई रु. १,००,०००/- र सम्मान पत्र

(झ) दफा ४ (ज) मा उल्लिखित पुरस्कृत हुने विद्यालयले पुरस्कार रकमको ५०% रकम वि.व्य.स.को निर्णय गराई शिक्षकको क्षमता विकासमा प्रयोग गर्नुपर्नेछ। र बाँकी ५०% रकम शिक्षकलाई तह र श्रेणी अनुसार प्रोत्साहनको रुपमा वितरण गर्नुपर्नेछ। यी दुवै शीर्षकको रकमको खर्चको जानकारी  र बिल भरपाई नगरपालिकामा पेश गर्नुपर्नेछ।

(ञ) सिकाइ उपलब्धिस्तर कम भएका विद्यालयलाई शिक्षा शाखाद्वारा पहिलोपटकलाई चेतावनी दिइनेछ। दोस्रो वर्ष पनि उक्त विद्यालयको सिकाइ उपलब्धी स्तर कमजोर देखिएमा विद्यालयलाई शिक्षा शाखाले दोस्रो पटक पनि चेतावनी दिनेछ। तेस्रो पटकपनि विद्यालयको सिकाइ स्तर कमजोर नै रहेमा विद्यालयको नाम र सबै शिक्षकको नाम रेडियो र पत्रपत्रिकामा सार्वजनिक गरिनेछ र प्रचलित कानुन अनुसार विद्यालयको प्र.अ. परिवर्तन तथा कम उपलब्धी प्राप्त गर्ने शिक्षकको सरुवा प्रक्रिया अगाडि बढाइनेछ।

५. प्रधानाध्यापक र विद्यालयका शिक्षकहरुबीच निम्न कार्यक्षेत्रमा सूचकहरुका आधारमा कार्य सम्झौता हुनेछ। उक्त सूचकहरुको कार्यान्वयन गर्ने गराउने दायित्व शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकको हुनेछ। शैक्षिक उपलब्धिस्तर वृद्धि गर्न विद्यालयका प्रधानाध्यापकसँग सम्बन्धित विद्यालयका शिक्षकहरुले  निम्न सूचकहरुका आधारमा अनुसूची ४ मा उल्लिखित कार्यसम्पादन सम्झौता बमोजिम सम्बन्धित वडाका वडाध्यक्ष, शिक्षा शाखाका प्रमुख र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रोहवरमा कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ।

१. शैक्षणिक योजना, सामग्री निर्माण स्वीकृति र कार्यान्वयन
२. अतिरिक्त क्रियाकलाप, बालकेन्द्रित विधिको प्रयोग र जिम्मेवारी
३. प्रश्न पत्र निर्माण, उत्तर कुञ्जिका निर्माण तथा नतिजा प्रकाशन र उपलब्धि विश्लेशण
४. बाल मैत्री वातावरण अनुसन्धान तथा तालिम सहभागिता

६. (क) मूल्याङ्कन समितिले दफा ५ का कार्यक्षेत्रका आधारमा अनुसूची ७ मा उल्लिखित ढाँचामा प्रत्येक शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्नेछ। सिकाइ उपलब्धी स्तर सबैभन्दा बढी रहेका (तहगत रुपमा १/१ जना पर्नेगरी) शिक्षकलाई पुरस्कृत गर्न नगर शिक्षा समितिमा प्रतिवेदन सहित सिफारिस गर्नेछ।

(ख) मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन उपर नगर शिक्षा समितिमा छलफलगरी कार्यान्वयनका लागि नगर कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ। नगर शिक्षा समितिले पेश गरेको प्रतिवेदन उपर नगर कार्यपालिकामा छलफल गर्नुपर्नेछ। कुनै शिक्षकको सिकाइ उपलब्धिका सम्बन्धमा शङ्का लागेमा /उजुरी परेमा नगर कार्यपालिकाले छुट्टै मूल्याङ्कन समिति गठन गरी त्यस्ता विद्यालयको पुन: मूल्याङ्कन गर्न गराउन सक्नेछ।

(ग) मूल्याङ्कनबाट प्राप्त निष्कर्षका आधारमा नगर कार्यपालिकाले सबैभन्दा बढी शैक्षिक उपलब्धी हासिल गर्ने प्रत्येक विद्यालयको प्रत्येक तहको १/१ जना शिक्षकलाई नगरपालिकाको स्थापना दिवसको अवसरमा नगद रु.१,०००/- र सम्मान पत्र सहित पुरष्कृत गर्नेछ। (कक्षा ५-१२ को अङ्ग्रेजी, गणित र विज्ञान विषयको हकमा १० अङ्क घटी भएमा समेत अरु सरह मूल्याङ्कन गर्न सकिने) । तर उपलब्धिस्तर कमजोर र सामान्य रहेका शिक्षक र दफा (४ ज) बमोजिम प्रथम, दोश्रो र तेस्रो हुने विद्यालयका शिक्षकलाई यस दफा बमोजिम कुनै पनि पुरस्कार प्रदान गरिने छैन।

(घ) सिकाइस्तर कमजोर रहेका विद्यालयका शिक्षकलाई नगरपालिकाको शिक्षा शाखाले पहिलोपटकलाई चेतावनी दिनेछ। दोस्रो वर्षपनि उक्त शिक्षकको सिकाइ उपलब्धिस्तर कमजोर देखिएमा उक्त शिक्षकलाई शिक्षा शाखाले दोस्रो पटक पनि चेतावनी दिनेछ। तेस्रो पटकपनि सिकाइ स्तर कमजोर नै रहेमा उक्त शिक्षकको नाम रेडियो र पत्रपत्रिकामा सार्वजनिक गरिनेछ र प्रचलित कानुन अनुसार सरुवा प्रक्रिया अगाडि बढाइनेछ।

## परिच्छेद-३
## विविध

७. जिम्मेवारी रहने

(क) विद्यालयका प्रधानाध्यापक शिक्षा शाखा, वडा कार्यालय, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछन् ।

(ख) शिक्षक, वाल शिक्षक एवम् कर्मचारी विद्यालयको कामका लागि प्रधानाध्यापकप्रति जिम्मेवार हुनेछन्। निजहरुले गुणस्तरीय शिक्षाका लागि नगरपालिका, शिक्षा शाखा अधिकृतले प्रचलित कानुन बमोजिम दिएको निर्देशन पालना गर्नुपर्नेछ। अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरुले प्रधानाध्यापकसँग सहकार्य गर्नुपर्नेछ ।

(ग) विद्यार्थीलाई विद्यालयमा टिकाउने र अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकको हुनेछ ।

(घ) कुनै अभिभावक वा संरक्षकले विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाउन अटेर गरेमा/नपठाएमा निजलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट बन्चित गर्न सकिनेछ ।

(ङ) संस्थागत विद्यालयको हकमा नगरपालिकाले छुट्टै निर्देशिका जारी गरी लागू गर्नेछ ।

(च) यो निर्देशिकामा उल्लिखित कार्यका लागि आवश्यक प्राविधिक तथा आर्थिक सहयोग जुटाउने प्रमुख दायित्व शिक्षा,युवा तथा खेलकुद शाखाको हुनेछ ।

८. संशोधन: यस निर्देशिकामा समयसापेक्ष आवश्यक संशोधन गर्न सकिनेछ।

९. बाधा अड्काउ फुकाउने :- यो निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो सम्वन्धमा आवश्यक पर्ने व्यवस्था गर्ने र आदेश दिने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

१०. कार्य सम्पादनको सम्वन्धमा यस अघि भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

११. बचाउ तथा खारेजी :- यो निर्देशिकामा लेखिए जति यसै बमोजिम र यसमा नलेखिएका अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

१२. बाझिएमा :- यस निर्देशिकामा भएका कुनैपनि व्यवस्था नेपालको संविधान तथा प्रचलित संघीय कानुन तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म बदरभागी हुनेछ।

# अनुसूची-१

## विषय शिक्षकको कक्षा सुपरिवेक्षण गर्दा प्र.अ.ले प्रयोग गर्ने लगबुक

| क्र.स. | शिक्षकको नाम | विषय | …….. महिना | …….. महिना | ……… महिना | …….. महिना | …………. महिना | ……… महिना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |
| ११ | | | | | | | | | |
| १२ | | | | | | | | | |
| १३ | | | | | | | | | |
| १४ | | | | | | | | | |
| १५ | | | | | | | | | |
| १६ | | | | | | | | | |
| १७ | | | | | | | | | |
| १८ | | | | | | | | | |
| १९ | | | | | | | | | |
| २० | | | | | | | | | |

विद्यालयको नाम:…......……………….
प्रधानाध्यापकको नाम… …………….
दस्तखत……………………..

शिक्षकको नाम………………………………..
दस्तखत……………….

अनुसूची-२

विद्यालयको औसत सिकाइ उपलब्धि फाराम

| कक्षा | विद्यार्थी सं. | विषय | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | हाम्रो सेरोफेरो | | | स्थानीय विषय | | | जम्मा | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्य घण्टा वार्षिक | १६० | | | १२८ | | | १२८ | | | २५६ | | | १६० | | | ८३२ | | | कक्षागत सि.उ. | | | |
| | | साल | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | नयाँ पाठ्यक्रम अनुसार |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा सि.उ. | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्ने　　　　　　　　रुजु गर्ने　　　　　　　　प्रमाणित गर्ने

अनुसूची-२

विद्यालयको औसत सिकाइ उपलब्धि फाराम

| कक्षा | विद्यार्थी सं. | विषय | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | विज्ञान स्वा.शा. | | | सामाजिक/सिक | | | स्थानीय विषय | | | जम्मा | | | कक्षागत सि.उ. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | १०० | | | १०० | | | १०० | | | १०० | | | १०० | | | १०० | | | ६०० | | | | | | |
| | | साल | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा सि.उ. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्ने

रुजु गर्ने

प्रमाणित गर्ने

| कक्षा | विद्यार्थी सं. | विषय | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | विज्ञान तथा प्रविधि | | | सामाजिक अध्ययन/मानव मूल्य शिक्षा | | | स्वा.शा. सि.क. | | | स्थानीय विषय | | | जम्मा | | | कक्षागत सि.उ. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्यघण्टा | १६० | | | १६० | | | १६० | | | १६० | | | १६० | | | ९६ | | | १२८ | | | | | | | | |
| | | साल | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा सि.उ. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

नोट: नयाँ पाठ्यक्रम शै.स. २०७८ देखि क्रमश कक्षा ६ बाट लागू हुँदै जानेछ।

तयार गर्ने                    रुजु गर्ने                    प्रमाणित गर्ने

| कक्षा | विद्यार्थी सङ्ख्या | विषय | नेपाली | | | अंग्रेजी | | | गणित | | | विज्ञान स्वा.शा. | | | सामाजिक | | | स्वास्थ्य नैतिक | | | पेसा व्यवसाय | | | जम्मा | | | कक्षागत सि.उ. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णांक | १०० | | | १०० | | | १०० | | | १०० | | | १०० | | | १०० | | | १०० | | | ७०० | | | | | | |
| | | साल | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६-८ जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६-८ सि.उ. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्ने (सम्बन्धित शिक्षक) रुजु गर्ने (प्र अ) प्रमाणित गर्ने (शिक्षा शाखा प्रमुख)

| कक्षा | विद्यार्थी सङ्ख्या | विषय | नेपाली | | | अंग्रेजी | | | गणित | | | विज्ञान | | | सामाजिक | | | जनसङ्ख्या | | | ऐच्छिक | | | जम्मा | | | कक्षागत सि.उ. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णांक | १०० | | | १०० | | | १०० | | | १०० | | | १०० | | | १०० | | | २०० | | | ८०० | | | | | | |
| | | साल | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | |
| ९ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ९-१० जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ९-१० सि.उ. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्ने (सम्बन्धित शिक्षक) रुजु गर्ने (प्र अ) प्रमाणित गर्ने (शिक्षा शाखा प्रमुख)

| कक्षा | विद्यार्थी सङ्ख्या | विषय | नेपाली | | | अंग्रेजी | | | ………………… … | | | …………… …….. | | | …………… ……… | | | जम्मा | | | कक्षागत सि.उ. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णांक | १०० | | | १०० | | | १०० | | | १०० | | | १०० | | | ५०० | | | | | | |
| | | साल | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | ७७ | ७८ | ७९ | |
| ११ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ११-१२ जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ११-१२ सि.उ. | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्ने (सम्बन्धित शिक्षक) रुजु गर्ने (प्र अ) प्रमाणित गर्ने (शिक्षा शाखा प्रमुख)

अनुसूची ३

## सूर्योदय नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, फिक्कल इलामका

## शिक्षा शाखा प्रमुख

र

## सामुदायिक विद्यालयका प्रधानाध्यापक

बीच भएको

# कार्य सम्पादन सम्झौता

करारको अवधि: शैक्षिक वर्ष ………… भर

करार मिति : ……………………….

शिक्षा शाखा प्रमुख र सामुदायिक विद्यालयका प्रधानाध्यापकबीच भएको

# कार्यसम्पादन करारपत्र

(Performance Contract Document)

## १. पृष्ठभूमि :

शिक्षा ऐन, २०२८ तथा नियमावली २०५९, अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७, सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ को दफा ५४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को खण्ड 'ज' तथा सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन निर्देशिका २०७८ बमोजिम सूर्योदय नगरपालिको आधारभूत तथा माध्यमिक शिक्षासँग सम्बन्धित भूमिकालाई अझ बढी सक्षम, सुदृढ, प्रभावकारी र जनउत्तरदायी बनाई विद्यालयको परिणाममुखी व्यवस्थापन र सञ्चालन गर्न समग्र क्रियाकलापलाई सुधार गर्दै नतिजामा आवद्ध गर्न शिक्षा शाखा प्रमुख श्री ....................................... र ........................., ..............................का प्रधानाध्यापक श्री ..............................का बीच शैक्षिक वर्ष ............. को अवधिका लागि पछि दुवै पक्षको मञ्जुरीमा तोकिएको कार्यविधि बमोजिम नवीकरण हुन सक्ने गरी यस कारारपत्रमा लेखिएबमोजिमका सम्पूर्ण विषय र व्यहोरा उपर परस्पर मञ्जुरी जनाउँदै हस्ताक्षर सम्पन्न गरिएको छ ।

## २. विद्यालयको उद्देश्य र कार्यक्षेत्र

राष्ट्रिय शिक्षा नीति अनुरुप बालवालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक वालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन, आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निशुल्क शिक्षाको प्रत्याभूत गर्न तथा गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता र रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु शिक्षा क्षेत्रका राष्ट्रिय नीतिहरु हून् । यिनै राष्ट्रिय आवश्यकताहरुलाई पुरा गर्ने आधार स्तम्भका रुपमा आधारभूत तथा माध्यमिक विध्यालयहरु स्थापना र सञ्चालन भएका छन् ।

## ३. प्रधानाध्यापकको पदीय कार्यविवरण

सूर्योदय नगरपालिकाको शिक्षा नियमावली, २०७६ बमोजिम प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख नगर शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा नगर शिक्षा शाखामा सिफारिस गर्ने,

(ण) नगर कार्यपालिकाबाट स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(थ) नगरपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस नियमावलीमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ती गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी संचालनको लागी वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध–वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई स्थानीय शिक्षा शाखामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने,

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक मन्त्रालयद्वारा निर्धारित ढाँचा र समय भित्र निरीक्षकद्वारा प्रमाणित गराई स्थानीय शिक्षा शाखामा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शिक्षा शाखा मार्फत शिक्षक किताबखानामा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने ।

(त्र) प्रधानाध्यापक नगर कार्यपालिका, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ । यसका लागिः

१. अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने,

२. प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिती र प्रधानाध्यापकले शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षा प्रत्याभूत गर्नुपर्ने,

३. शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापकप्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि नगरकार्यपालिका, शिक्षा समिति र शिक्षा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलव्धिका लागि शिक्षकहरुसँग कार्यसम्पादन करार गर्नुपर्नेछ,

४. विद्यालयको भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा, विशेष आवश्यकता भएका तथा अतिविपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालवालिकालाई कार्यपालिका मार्फत छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ ।विद्यार्थिलाई अपेक्षित शैक्षिक उपलव्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापकको हुनेछ,

५. विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवद्धनात्मक कार्य गर्ने ।

(ज्ञ) माथि उल्लिखित काम, कर्तव्य र अधिकार बाहेक प्रचलित ऐन, नियमावली, निर्देशिका, कार्यविधि, निर्णय तथा परिपत्रहरुमा उल्लिखित भएका कार्यहरु समेत प्रधानाध्यापकको कार्य विवरण भित्र पर्नेछन् ।

## ४. कार्य सम्पादन करारका उद्देश्य

विद्यालयको परिणाममुखी व्यवस्थापन र सञ्चालन गर्न समग्र क्रियाकलापलाई सुधार गर्दै नतिजामा आवद्ध गर्दै विद्यालयका निर्धारित लक्ष्य हासिल गर्ने कार्यमा प्रधानअध्यापकको भूमिकालाई प्रभावकारी बनाई विद्यालयमा हुने क्रियाकलापको गुणस्तर, समयसीमा, लागत, परिमाण, जिम्मेवारी र जवाफदेहीता तथा प्रोत्साहनका मापनयोग्य परिसूचकका आधारमा कामको मूल्याङ्कन गर्नु साथै प्रधानाध्यापकलाई आफ्नो कार्यप्रति उत्प्रेरित, जिम्मेवार र जवाफदेही बनाउनु, आफुले सम्पादन गर्ने कार्यका वस्तुगत मूल्याङ्कन गरी सुधारको औजारको रुपमा उपयोग गर्न सकिने दस्तावेजको रुपमा यो कार्य सम्पादन करार पत्र तयार गरिएको छ ।

## ५. मूख्य नतिजाका क्षेत्रहरु

विद्यालयको उद्देश्य र लक्ष हासिल गर्न प्रधानाध्यापकले सम्पादन गर्ने कार्यहरुहरुलाई देहायका प्रमुख क्षेत्रहरुमा आधारित भई यो करार पत्र तयार गरिएको छ । प्रत्येक कार्यक्षेत्र सँग सम्बन्धित नतिजाका क्षेत्रहरु र तिनका परिसूचक, मापक एवं पुष्ट्याईंका आधारहरु समेत निर्धारण गरिएका छन् ।

१. नीति, योजना तर्जुमा, वैठक तथा कार्यान्वयन
२. अतिरिक्त क्रियाकलाप
३. अनुगमन तथा मूल्याङ्कन
४. आर्थिक प्रशासन तथा वित्तीय अनुशासन
५. वालमैत्री सूचकको कार्यान्वय
६. शैक्षिक गुणस्तर सुधार
७. शैक्षिक तथा भौतिक पूर्वाधार
८. समुदाय केन्द्रित क्रियाकलाप
९. सम्पत्तिको संरक्षण, व्यवस्थापन र सरसफाई
१०. सुशासन तथा सार्वजनिक जवाफदेहीता
११. सूचना सञ्चार प्रविधिको उपयोग
१२. वैकल्पिक सिकाई
१३. विपद जोखिम न्यूनीकरण

## ६. कार्यसम्पादन मापन सम्झौताका शर्तहरु :

क. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।
ख. यो सम्झौताको कार्यान्वयन गर्न गराउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।
ग. सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिक्षा शाखाले यस सम्झौतामा उल्लिखित कार्यक्षेत्रको कार्यान्वयन गर्न तथा विद्यालयको प्राथमिकता अनुसार निर्धारित कार्यहरु नतिजामूलक

रुपमा सम्पादन गर्न प्रधानाध्यापकलाई निरन्तर सहजीकरण, समन्वय र मार्गदर्शन गर्नेछ ।

घ. संघीय सरकार, प्रदेश सरकार, सूर्योदय नगरपालिकाबाट प्राप्त हुने अनुदान र विद्यालयको आन्तरिक स्रोत साधन तथा अन्य निकायबाट प्राप्त हुने बजेट तथा लगानीको उपयोग गरी यसमा उल्लिखित कार्य सम्पादन गर्नु पर्नेछ ।

ङ. सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिक्षा शखाले आवश्यकता अनुसार यो कार्यसम्पादन सम्झौतामा परिमार्जन गर्न सक्नेछ ।

च. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन तथा नियमावली, प्रचलित कानून, नीति, निर्देशिका र कार्यविधिहरु, सुशासन ऐन तथा नियमावलीको परिधिभित्र रही निर्धारित कार्यहरु सम्पादन गरी विद्यालय व्यवस्थापनका क्षेत्रमा मापनयोग्य नतिजाहरु हासिल गर्नुपर्नेछ ।

छ. यस कार्यसम्पादनको मूल्याङ्कन गर्दा यो सम्झौता भएको मितिदेखि सम्पादन भएको कार्यको मात्र मूल्याङ्कन हुनेछ ।

ज. यस कार्यसम्पादन सम्झौतामा हस्ताक्षर गर्ने प्रधानाध्यापक सरुवा वा अवकाश वा अन्य कुनै कारणबाट हालको विद्यालयमा नरहे पनि पछिल्लो प्रधानाध्यापकको समष्टिगत संस्थागत निरन्तरता स्वरुप यो सम्झौता कायम रहनेछ । साथै कार्य सम्पादन मूल्याङ्कन यसै सम्झौता अनुरुप हुनेछ ।

झ. प्रधानाध्यापकले नतिजामा आधारित सूचकहरुका आधारमा मासिक प्रगतिको अङ्क भार सहित शिक्षा शाखामा पठाउनु पर्नेछ ।

ञ. प्रधानाध्यापकले विद्यालयमा कार्यरत अन्य शिक्षकहरुसँग समेत यस सम्झौताका आधारमा सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन निर्देशिका २०७८ मा भएको व्यवस्था एवं ढाँचा बमोजिम कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

ट. प्रचलित कानूनमा संशोधन वा परिवर्तन भई यस सम्झौताको सूचकको सीमा, स्तर र मापदण्ड आदिमा परिवर्तन भएमा सोही अनुसार यस कार्य सम्पादन सम्झौतामा समेत परिवर्तन भएको मानिनेछ ।

ठ. यस सम्झौतामा उल्लेख नभएका कुराहरु नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

## ७. प्रधानाध्यापकले हासिल गर्नुपर्ने नतिजामूलक कार्यसम्पादन परिसूचकहरु र परिमाणात्मक लक्ष्य:

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | | पूर्णाङ्क | अनुगमन सूचक (पुष्टयाईंका आधारहरु) | समय अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नीति, योजना तर्जुमा, बैठक तथा कार्यान्वयन | | | | | | १७ | | |
| १.१ | योजना तर्जुमा र कार्यान्वयन | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालयले विद्यालय सुधार योजना तर्जुमा गरी कार्यान्वयन गरेको | प्राथमिकताका आधारमा क्रियाकलापहरु सञ्चालन हुने | विद्यालय सुधार योजना तर्जुमा गर्दा योजना निर्माण कार्यदल, वि.व्य.स. पदाधिकारी, शिक्षक, विद्यार्थी, अभिभावक, वुद्धीजीवी, शिक्षा प्रेमी, समाजसेवी लगायत सबैको प्रतिनिधित्व हुने गरी कार्यशाला आयोजना गरेको | २ | ६ | कार्यान्वयनमा रहेको विद्यालय सुधार योजना | |
| | | | | | विद्यालय सुधार योजना तर्जुमा गरी स्वीकृत भएको | १ | | निर्णय पुस्तिका | |
| | | | | | स्वीकृत विद्यालय सुधार योजना कार्यान्वयन गरेको | २ | | कार्यान्वयनमा रहेको विद्यालय सुधार योजना | |
| | | | | | स्वीकृत विद्यालय सुधार योजनाको समीक्षा एवं स्वमूल्यांकन गरी आगामी वर्षको योजना तर्जुमामा प्रतिविम्बित गरेको | १ | | समीक्षा प्रतिवेदन स्व मूल्यांकन नतिजा र विध्यालय सुधार योजना | |
| १.२ | विद्यालय व्यवस्थापन समिति बैठक | विद्यालयको आन्तरिक स्रोत र अनुदान | वि.व्य.स. बैठकमा शैक्षिक सुधारका लागि निर्णय गरी कार्यान्वयन गर्ने गरेको | नियमित बैठक सञ्चालन भई शैक्षिक गुणस्तरमा सुधार आएको हुने | प्रत्येक २ महिना कम्तीमा १ पटक वि.व्य.स. बैठक वस्ने गरेको | १ | ४ | वि.व्य.स. बैठकको अभिलेख पुस्तिका | |
| | | | | | विद्यालय व्यवस्थापन समितिको बैठकमा शैक्षिक सुधार सम्बन्धमा छलफल गरी निर्णय भएको | १ | | वि.व्य.स. बैठकको अभिलेख पुस्तिका | शैक्षिक वर्ष भित्र |
| | | | | | विद्यालय व्यवस्थापन समितिबाट भएका निर्णयहरु कार्यान्वयन भएको | १ | | अभिलेख पुस्तिका र कार्यान्वयन भएको अभिलेख | |
| | | | | | वालवालिका सम्बन्धी निर्णय गर्दा विद्यालय व्यवस्थापन समितिको वैठकमा वालवालिकाको प्रतिनिधिलाई सहभागी गराउने गरेको | १ | | अभिलेख पुस्तिका र कार्यान्वयन भएको अभिलेख | |
| १.३ | शिक्षक अभिभावक संघ वैठक | विद्यालयको आन्तरिक स्रोत र अनुदान | शि.अ.सं.को बैठक गराई शैक्षिक सुधारका लागि निर्णय गराई कार्यान्वयन गरे/गराएको | शैक्षिक गुणस्तरमा सुधार आएको हुने | प्रत्येक ३ महिनामा कम्तीमा १ पटक शि.अ.सं.को बैठक बसी शैक्षिक सुधारका लागि निर्णय गरी कार्यान्वयन गरेको | ३ | ३ | शिक्षक अभिभावक सङ्घको बैठकको अभिलेख पुस्तिका | |
| | | | | | हरेक त्रैमासिक अवधिमा कम्तीमा १ पटक पर्ने गरी ३ वटा बैठक बसी शैक्षिक सुधारका लागि निर्णय गरी कार्यान्वयन गरेको | २ | | | |
| | | | | | हरेक त्रैमासिक अवधिमा कम्तीमा १ पटक पर्ने गरी २ वटा बैठक बसी शैक्षिक सुधारका लागि निर्णय गरी कार्यान्वयन गरेको | १ | | | |
| १.४ | शिक्षक स्टाफ वैठक | | | शैक्षिक गुणस्तरमा सुधार आएको हुने | प्रत्येक महिना कम्तीमा १ पटक शिक्षक बैठक बसी शैक्षिक सुधारका लागि निर्णयगरी कार्यान्वयन गरेको | २ | २ | शिक्षक बैठकको अभिलेख पुस्तिका | |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | | पूर्णाङ्क | अनुगमन सूचक (पुष्ट्याईका आधारहरु) | समय अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यालयको आन्तरिक स्रोत र अनुदान | शिक्षक बैठक बसी शैक्षिक सुधारका लागि निर्णय गरी कार्यान्वयन गरेको | | प्रत्येक महिना कम्तीमा १ पटक हुने गरी ८ पटक सम्म शिक्षक बैठक बसी शैक्षिक सुधारका लागि निर्णय गरी कार्यान्वयन गरेकोमा | १ | | शिक्षक बैठकको अभिलेख पुस्तिका | |
| १.५ | निर्देशनको पालना | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति, नगर शिक्षा समिति, नगर शिक्षा शाखा र प्रदेश सरकार र नेपाल सरकारका सम्बन्धित निकायबाट प्राप्त निर्देशनहरुको पालना गर्ने गरेको | प्राप्त निर्देशनको प्रभावकारी पालना हुने | सुम्पिएका निर्देशन र नीतिहरुको कार्यान्वयन प्रभावकारी रुपमा गरेको | १ | २ | अभिलेख र अवलोकन | |
| | | | | | विद्यालय अनुगमनका क्रममा दिइएका मुख्य सुझावहरुको कार्यान्वयन गरेको | १ | | | |
| १.६ | विद्यालयको विनियम | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालयको विनियम निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराएको | विद्यालय सञ्चालन व्यवस्थित भएको हुने | विद्यालयको विनियम निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराएको | १ | १ | विनियमावली र निर्णय | |
| २ | अतिरिक्त क्रियाकलाप | | | | | | १७ | | |
| २.१ | प्रार्थना सभा | विद्यालयको आन्तरिक स्रोत र अनुदान | बिहानी प्रार्थना सभामा विद्यार्थीको बौद्धिक ज्ञानको विकासका लागि छोटा हाजिरी जवाफ, जन्मदिनको शुभकामना आदान-प्रदानका साथै राष्ट्रिय विभूति/ प्रख्यात व्यक्तिका जन्मदिन र विशेष योगदान बारे प्रस्तुति जस्ता क्रियाकलाप सञ्चालन गराएको | वाल केन्द्रित रचनात्मक सिकाइ मार्फत वालवालिकाको सर्वाङ्गीण विकास भई प्रतिष्पर्धी, स्वयंप्रेरित एवं लगनशील जनशक्तिको उत्पादन हुने | बिहानी प्रार्थना सभामा राष्ट्रिय गान र नगरगानको नियमितता | १ | ५ | प्रार्थना सभामा उपस्थित भै गरीएको अवलोकन | शैक्षिक वर्ष भित्र |
| | | | | | जन्मदिनको शुभकामना आदान-प्रदानका साथै राष्ट्रिय विभूति/ प्रख्यात व्यक्तिका जन्मदिन र विशेष योगदान सम्बन्धी प्रस्तुति | २ | | प्रस्तुतिको अवलोकन तथा अभिलेख, | |
| | | | | | विद्यार्थी तथा शिक्षक कर्मचारीको जन्मदिनमा वृक्षारोपण गर्ने जस्ता क्रियाकलाप सञ्चालन गराएको | २ | | विद्यार्थी तथा शिक्षक कर्मचारीको जन्मदिनमा वृक्षारोपण गरीएको विवरण। | |
| २.२ | प्रतियोगिता सञ्चालन | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप (हाजिरी जवाफ, वक्तृत्वकला, वादविवाद, हिज्जे, श्रुतिलेखन, गणितको सुत्र भन्ने, नव प्रवर्तन/खोज, गायन/नृत्य, निबन्ध लेखन, कथा वाचन प्रतियोगिता | | अतिरिक्त क्रियाकलापको वार्षिक कार्यतालिका बनाइ स्वीकृत गरेको | २ | ७ | अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी अभिलेख | |
| | | | | | अतिरिक्त क्रियाकलापको लागि जिम्मेवारी तोकिएको | १ | | निर्णय | |
| | | | | | स्वीकृत कार्यतालिका बमोजिम क्रियाकलाप सञ्चालन गरेको | २ | | क्रियाकलाप अभिलेख | |
| | | | | | कार्यतालिका स्वीकृत नगरेको तर क्रियाकलाप सञ्चालन गरेको | २ | | क्रियाकलाप अभिलेख | |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | | पूर्णाङ्क | अनुगमन सूचक (पुष्ट्याईका आधारहरु) | समय अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आदि प्रभावकारी रुपमा सञ्चालन गरे/गराएको | | | | | | |
| २.३ | स्काउट | विद्यालयको आन्तरिक स्रोत र अनुदान | स्काउटको ट्रुप स्थापना र सञ्चालन | | ट्रुप स्थापना गरेको | १ | ३ | क्रियाकलाप अभिलेख | |
| | | | | | विद्यालयमा स्काउट स्थापना गरी निर्देशिका बमोजिमका क्रियाकलापहरु सञ्चालनगरेको | २ | | क्रियाकलाप अभिलेख | |
| २.४ | जुनियर रेडक्रस सर्कल | विद्यालयको आन्तरिक स्रोत र अनुदान | जुनियर रेडक्रस सर्कल गठन र परिचालन | | जु रे स स्थापना गरेको | १ | २ | क्रियाकलाप अभिलेख | |
| | | | | | स्थापना भई क्रियाकलापहरु सञ्चालन गर्ने गरेको | १ | | क्रियाकलाप अभिलेख | |
| २.५ | टीन्स क्लव (TEENS CLUB) | विद्यालयको आन्तरिक स्रोत र अनुदान | टीन्स क्लव गठन भइ परिचालन भएको | | टीन्स क्लव स्थापना गरेको | १ | ३ | क्रियाकलाप अभिलेख | |
| | | | | | स्थापना भई क्रियाकलापहरु सञ्चालन गर्ने गरेको | २ | | क्रियाकलाप अभिलेख | |
| ३ | अनुगमन तथा मूल्यांकन | | | | | | ५ | | |
| ३.१ | कक्षा शिक्षणको अनुगमन र सुपरिवेक्षण | विद्यालयको आन्तरिक स्रोत र अनुदान | प्रअबाट शिक्षकको कक्षा शिक्षणको सुपरिवेक्षणगरेको/ पृष्ठपोषण दिइएको तथा शिक्षकको पोषाक अनिवार्य गरी शिक्षकका गुणको मूल्याङ्कन गरे गराएको । | शिक्षण सिकाइ क्रियाकलापको अनुगमन प्रणाली व्यवस्थित र प्रभावकारी हुने | प्र.अ.ले हरेक त्रैमासिक अवधिमा १ पटक प्रत्येक शिक्षकको कक्षा शिक्षणको सुपरिवेक्षण गरेको र पृष्ठपोषण दिएको भए | २ | २ | प्र.अ.को अनुगमन लगबुक (अनुसूची-१) तथा शिक्षकको पोषाक अनिवार्य गरी शिक्षकका गुणको मूल्याङ्कन गरे गराएको अवलोकन र अभिलेख | शैक्षिक वर्ष भित्र |
| | | | | | प्र.अ.ले वार्षिक २ पटक सम्म सुपरिवेक्षण र पृष्ठपोषण दिएको भए | १ | | अभिलेख | |
| ३.२ | पोशाक र परिचय पत्र | विद्यालयको आन्तरिक स्रोत र अनुदान | प्रअबाट विद्यालय शिक्षक र विद्यार्थीको पोषाक अनिवार्य गरी गुणको मूल्याङ्कन गरे गराएको । | | विद्यार्थी र शिक्षकको पोशाक र परिचय पत्र अनिवार्य गरेको | १ | ३ | निर्णय पुस्तिका | |
| | | | | | शिक्षकको पोषाक र परिचय पत्र अनिवार्य गरी शिक्षकका गुणको मूल्याङ्कन गरेको | १ | | कार्यान्वयनको अवलोकन र अभिलेख | |
| | | | | | विद्यार्थीको पोशाक र परिचय पत्रको नियमितताको अनुगमन गरी पृष्ठपोषण गर्ने गरेको | १ | | कार्यान्वयनको अवलोकन र अभिलेख | |
| ४ | आर्थिक प्रशासन तथा वित्तीय अनुशासन | | | | | | २० | | |
| ४.१ | बजेट तर्जुमा र स्वीकृति | विद्यालयको आन्तरिक स्रोत र अनुदान | वार्षिक बजेट तर्जुमा गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराएको | वित्तीय अनुशासनको पालना हुने | विद्यालयको वार्षिक बजेट तर्जुमा गरेको | १ | ३ | वार्षिक बजेट | शैक्षिक वर्ष भित्र |
| | | | | | वार्षिक बजेट तर्जुमा गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरेको | १ | | निर्णय पुस्तिका | |
| | | | | | वार्षिक बजेट तर्जुमा गर्दा विद्यालयको आन्तरिक स्रोत तथा प्राप्त हुने अनुदानको अनुमान गरेको | १ | | वार्षिक बजेट | |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | | पूर्णाङ्क | अनुगमन सूचक (पुष्ट्याईका आधारहरु) | समय अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.२ | लेखापालन | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालयको आर्थिक कारोबार गर्दा तोकिएको ढाँचामा लेखा राख्ने गरेको | | आम्दानी तथा खर्चको लेखा गोश्वरा भौचर उठाइ तोकीएको ढाँचामा राख्ने गरेको | १ | ५ | अभिलेख | |
| | | | | | लेखापालको लागि विद्युतीय प्रणाली (कम्प्यूटर सफ्टवेयर) को प्रयोग गर्ने गरेको | २ | | सफ्टवेयर अभिलेख | |
| | | | | | आम्दानी खर्च लगायत तोकिएका वित्तीय विवरणहरु तयार गरेको | १ | | अभिलेख | |
| | | | | | विद्यालयका शिक्षक तथा कर्मचारीको नाममा पेश्की बाँकी नरहेको | १ | | अभिलेख | |
| ४.३ | लेखापरीक्षण र वेरुजु फछ्यौंट | विद्यालयको आन्तरिक स्रोत र अनुदान | लेखापरीक्षण सम्पन्न गरी वेरुजु अभिलेख अध्यावधिक गरेको र बेरुजु फछ्र्यौंट गरेको | | गत आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराएको | २ | ५ | ले प प्रतिवेदन | |
| | | | | | नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट विद्यालयको आन्तरिक लेखापरीक्षण गराएको | १ | | ले प प्रतिवेदन | |
| | | | | | विगत वर्षहरुको लेखापरीक्षण प्रतिवेदन बमोजिमको वेरुजुको अभिलेख अध्यावधिक गरेको | १ | | वेरुजु अभिलेख | |
| | | | | | नगर कार्यपालिकामा वेरुजु उल्लेख भई असुल फछ्यौंटका लागि प्राप्त भएको विषयमा कारबाही गरी पेश गरेको | १ | | वेरुजु अभिलेख | |
| ४.४ | वार्षिक खरिद योजना | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालयको वार्षिक खरिद योजना निर्माण गरी कार्यान्वयन गरेको | | वार्षिक खरिद योजना तर्जुमा गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराएको | १ | २ | निर्णय पुस्तिका | |
| | | | | | वार्षिक खरिद योजना अनुरुप खरिद कार्य गर्ने गरेको | १ | | खरिद अभिलेख | |
| ४.५ | विद्यालय कोषको सञ्चालन | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालय कोष खाता प्रधानाध्यापक र विद्यालय कर्मचारी/लेखा हेर्ने शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने गरेको | | विद्यालय कोष खाता प्रधानाध्यापक र विद्यालय कर्मचारी/लेखा हेर्ने शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने गरेको | १ | १ | अभिलेख | |
| ४.६ | खर्च सम्बन्धी निर्णय | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालय कोषबाट हुने खर्च गर्दा विद्यालय व्यवस्थापन समितिबाट स्वीकृति लिने गरेको | | विद्यालय व्यवस्थापन कोषबाट खर्च गर्दा स्वीकृत वार्षिक कार्यक्रममा नपरेको भए विद्यालय व्यवस्थापन समितिबाट निर्णय गर्ने गरेको | १ | २ | निर्णय पुस्तिका | |
| | | | | | विद्यालय व्यवस्थापन समितिमा आम्दानी खर्चको विवरण पेश गरी अनुमोदन गर्ने गरेको | १ | | निर्णय पुस्तिका | |
| ४.७ | प्रतिवेदन | विद्यालयको आन्तरिक स्रोत र अनुदान | तोकिएको समयमा वित्तीय प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाएको | | तोकिएको समयमा मासिक, चौमासिक र वार्षिक वित्तीय विवरण तयार गरी तोकिएका निकायमा पठाएको | २ | २ | वित्तीय प्रतिवेदनहरु र पत्र | |
| ५ | वालमैत्री सूचकको कार्यान्वय | | | | | | २३ | | |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | | पूर्णाङ्क | अनुगमन सूचक (पुष्ट्याईका आधारहरु) | समय अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| ५.१ | दिवा खाजा | विद्यालयको आन्तरिक स्रोत र अनुदान | तोकिएको मापदण्ड अनुसारको दिवा खाजाको व्यवस्थापन गरे गराएको | | विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ मा उल्लिखित मापदण्ड अनुसारको दिवा खाजाको व्यवस्थापन गरेको | २ | ४ | अवलोकन, दिवा खाजाको सामग्री जाँच, मेनु । | |
| | | | | | विद्यालय सेवा क्षेत्र भित्र आमा-समूह गठन गरेको | १ | | निर्णय र अवलोकन | |
| | | | | | प्याकेजिङ गरीएको र जङ्क फुडलाई प्रतिवन्ध गरीएको | १ | | निर्णय र अवलोकन | |
| ५.२ | स्वास्थ्य परीक्षण | विद्यालयको आन्तरिक स्रोत र अनुदान | वार्षिक रुपमा विद्यालयमा विद्यार्थीको स्वास्थ्य परीक्षण गरे गराएको | | प्रत्येक कक्षाका सवै विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षणका लागि नजिकको स्वास्थ्य संस्था संग सम्झौता भएको | १ | ३ | स्वास्थ्य परीक्षण सम्बन्धी सम्झौता | |
| | | | | | प्रत्येक कक्षाका सवै विद्यार्थीहरुको कम्तीमा २ पटक स्वास्थ्य परीक्षण गराएको र जुकाको औषधी खुवाएको | २ | | स्वास्थ्य परीक्षण गराएको कक्षागत प्रतिवेदन | |
| ५.३ | वाल क्लव | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालय स्तरीय वाल क्लव गठन गरी परिचालन गराएको | | विद्यालय स्तरीय वालक्लव गठन गरेको | १ | ४ | निर्णय र गठन सम्बन्धी अभिलेख | |
| | | | | वालमैत्री शासन प्रणालीका अवधारणा अनुरुपका क्रियाकलापहरु सञ्चालन भई वालवालिकाका हकहरुको संरक्षण हुने | वाल क्लव गठन गरी नगरपालिकाको महिला तथा वालवालिका शाखामा दर्ता गरेको | १ | | दर्ता अभिलेख | |
| | | | | | वाल क्लव परिचालन गरी विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने गरेको | २ | | क्रियाकलाप अभिलेख | |
| ५.४ | वाल कक्षा सञ्चालन | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालयमा आधारित वाल कक्षा सञ्चालनगरेको | | विद्यालयमा आधारित वाल कक्षा सञ्चालनगरेको | १ | २ | अवलोकन | शैक्षिक वर्ष भित्र |
| | | | | | सरसफाई, अन्तरक्रियात्मक व्यवहार, शिष्टाचार, सामाजिकीकरण तथा पूर्व साक्षरता क्रियाकलाप सम्बन्धी उपलब्धिको आधारमा (उत्तम, मध्यम, न्यून) मूल्यांकन गर्ने गरेको | १ | | अभिलेख | |
| ५.५ | वालमैत्री पूर्वाधार | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विध्यालयमा निर्माण हुने भौतिक संरचनाहरुमा वालमैत्री पूर्वाधार निर्माण गरेको | | विध्यालयमा निर्माण हुने भौतिक संरचनाहरुमा वालमैत्री पूर्वाधार निर्माण गरेको | २ | २ | अवलोकन | |
| ५.६ | वाल मैत्री व्यवहार | विद्यालयको आन्तरिक स्रोत र अनुदान | वालवालिकालाई निष्काशन,शारीरिक दुर्व्यवहार नगर्ने सम्बन्धी नीति निर्माण गरी कार्यान्वयन गरेको | | वालवालिकालाई निष्काशन,शारीरिक दुर्व्यवहार नगर्ने सम्बन्धी नीति निर्माण | १ | २ | निर्णय | |
| | | | | | वालवालिकालाई निष्काशन,शारीरिक दुर्व्यवहार नगर्ने सम्बन्धी नीति कार्यान्वयन गरेको | १ | | निर्णय कार्यान्वयन | |
| ५.७ | भय रहित वातावरण | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालयमा भय रहित वातावरण सिर्जना भएको | | विद्यालयमा भय रहित वातावरण सिर्जना भएको | १ | २ | अवलोकन | |
| | | | | | विद्यालय शान्ति क्षेत्र घोषणा गरेको | १ | | निर्णय | |
| ५.८ | | | | | वालमैत्री विद्यालय कार्यान्वयन सम्बन्धी कार्ययोजना बनाएको | १ | ४ | कार्ययोजना र निर्णय | |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | | पूर्णाङ्क | अनुगमन सूचक (पुष्ट्याईका आधारहरु) | समय अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| | वालमैत्री विद्यालय घोषणा | विद्यालयको आन्तरिक स्रोत र अनुदान | वालमैत्री विद्यालयका सूचकहरुबा आधारमा विद्यालयलाई वालमैत्री विद्यालय घोषणा गरीएको | | वालमैत्री विद्यालय सूचकको ५० प्रतिशत सूचक पुरा गरेको | १ | | सूचक मूल्यांकन | |
| | | | | | वालमैत्री सूचकहरु अध्यावधिक गरी सो को नतिजा सबैको पहुँच हुने गरी सार्वजनिक गरेको | १ | | अवलोकन | |
| | | | | | विद्यालयलाई वालमैत्री विद्यालय घोषणा गरेको | १ | | निर्णय | |
| ६ | शैक्षिक गुणस्तर सुधार | | | | | | ४० | | |
| ६.१ | शैक्षिक/शैक्षणीक योजना तर्जुमा र कार्यान्वयन | विद्यालयको आन्तरिक स्रोत र अनुदान | शैक्षिक गुणस्तर सुधारका लागि वार्षिक, मासिक, दैनिक शैक्षिक तथा शैक्षणिक योजना निर्माण गरी कार्यान्वयन गरेको | शिक्षण सिकाइ उपलब्धिमा वृद्धि हुने | शैक्षिक गुणस्तर सुधारका लागि वार्षिक, मासिक, दैनिक शैक्षिक तथा शैक्षणिक योजना तर्जुमा गरेको | २ | ३ | योजना | शैक्षिक वर्ष भित्र |
| | | | | | शैक्षिक गुणस्तर सुधारका लागि तर्जुमा भएका वार्षिक, मासिक, दैनिक शैक्षिक तथा शैक्षणिक योजना कार्यान्वयन गरेको | १ | | योजना कार्यान्वय अभिलेख | |
| ६.२ | समयावधि सुधार योजना | विद्यालयको आन्तरिक स्रोत र अनुदान | तोकिए बमोजिमको समय सुधार योजना कार्यान्वयनमा ल्याएको | | तोकिए बमोजिमको समय सुधार योजना कार्यान्वयनमा ल्याएको | २ | ४ | कार्यान्वयन अभिलेख | |
| | | | | | हरेक कक्षामा शिक्षकको आए गएको समयको अभिलेख प्र अ बाट प्रमाणित गरी राख्ने गरेको | १ | | अभिलेख | |
| | | | | | शिक्षकले कक्षा कोठामा विताउने अधिकतम समयको लेखाजोखा गरी प्रोत्साहित गर्ने गरेको | १ | | अभिलेख | |
| ६.३ | क्षमता विकास | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालयको आयोजनामा शिक्षककालागि क्षमता विकास तालिम/स्रोतकक्षा सञ्चालन गरेको | | विद्यालयले आवश्यकता अनुसार कम्तीमा बर्षमा १ पटक शिक्षकलाई क्षमता विकास तालिम/स्रोत कक्षा सञ्चालन गरेको | २ | २ | तालिममा उपस्थित शिक्षकको अभिलेख पुस्तिका | |
| ६.४ | पाठ्य पुस्तक र अभ्यास पुस्तिका | विद्यालयको आन्तरिक स्रोत र अनुदान | पाठ्यपुस्तक र अभ्यास पुस्तिकाको हिफाजत र प्रयोग र परीक्षण गराएको | | समयमा पाठ्य पुस्तकको व्यवस्थापन गरी विद्यार्थीलाई उपलव्ध गराएको | २ | ३ | विद्यार्थीको पाठ्यपुस्तक र अभ्यास पुस्तिकाको अवस्था, परीक्षण गरे नगरेको अवलोकन | |
| | | | | | विद्यार्थीको पाठ्यपुस्तक र अभ्यास पुस्तिकाको हिफाजत र प्रयोग र परीक्षण सन्तोषजनक रुपमा गराएको | १ | | अवलोकन | |
| ६.५ | पूर्व विद्यार्थी मञ्च र विद्यालय विद्यार्थी परिषद | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यालयमा विद्यार्थी परिषद तथा पूर्व विद्यार्थी मञ्च गठन गरेको | | विद्यालयमा विद्यार्थी परिषद गठन गरेको | १ | २ | गठन पुस्तिका | |
| | | | | | विद्यालयमा पूर्व विद्यार्थी मञ्च गठन गरी कृयाशील रहेको | १ | | गठन पुस्तिका | |
| ६.६ | अनुभव आदान प्रदान | विद्यालयको आन्तरिक स्रोत र अनुदान | सिकाइ सम्बन्धी ज्ञान सिप आदान प्रदान गरेको | | विद्यालय शिक्षक स्टाफ वैठक बसी शिक्षण सिकाइ सम्बन्धी राम्रा अभ्यासका बारेमा छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरेको | १ | ४ | उक्त सिकाइ आदान प्रदान गरेको प्रमाणित अभिलेख | |

| सूचक संख्या | कार्यक्षेत्र | स्रोत साधन | सूचक | अपेक्षित नतिजा | मापक | | पूर्णाङ्क | अनुगमन सूचक (पुष्ट्याईका आधारहरु) | समय अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आवश्यकता अनुसार आफ्नो विद्यालयका सबै वा केही शिक्षकलाई नजिकैको राम्रो अभ्यास गरेको विद्यालयसँग परस्परमा सिकाइ आदान प्रदान गरेको | १ | | अभिलेख | |
| | | | | | विषयगत शिक्षक सञ्जाल बनाइ अनुभव आदान प्रदान गर्ने गरेको | १ | | अभिलेख | |
| | | | | | सूचना सञ्चार प्रविधि एवं सामाजिक सञ्जालको प्रयोग गरी अनुभव आदान प्रदान गर्ने गरेको | १ | | अवलोकन/अभिलेख | |
| ६.७ | परीक्षा सञ्चालन, अभिलेख व्यवस्थापन र नतिजा विश्लेषण | विद्यालयको आन्तरिक स्रोत र अनुदान | पाठ्यक्रममा निर्धारण भए बमोजिम निर्माणात्मक र निर्णयात्मक परीक्षा सञ्चालन गरी अभिलेख अध्यावधिक गर्ने गरेको र सिकाइ उपलव्धिमा बृद्धि गरेको | | तोकिए बमोजिम परीक्षा सञ्चालन गरेको | १ | १४ | अभिलेख | |
| | | | | | प्रविधिको प्रयोग गरी नतिजा तयारी, अभिलेख र विश्लेषण गर्ने गरेको | १ | | अभिलेख | |
| | | | | | परीक्षाको अभिलेख अध्यावधिक गरेको | १ | | अभिलेख | |
| | | | | | शिक्षकगत विषयगत कक्षागत र तहगत सिकाइ उपलव्धिको विश्लेषण गरेको | १ | | अभिलेख | |
| | | | | | परीक्षाको नतिजा विश्लेषण गरी सम्वन्धित पक्षलाई जानकारी गराएको | १ | | अभिलेख | |
| | | | | | सबै विषयहरुको औसत सिकाइ उपलव्धिको आधारमा ** अङ्क निर्धारण तालिकामा उल्लेख भए बमोजिम | १० | | मूल्यांकन | |
| ६.८ | नतिजा(सिकाइ उपलव्धि) सुधार | विद्यालयको आन्तरिक स्रोत र अनुदान | विद्यार्थीको स्तर मापन गरी सबै कक्षा, तह र विद्यालय स्तरीय अभ्यासमुखी शिक्षण सिकाइमा जोड दिई सिकाइ उपलव्धि वृद्धि गर्न प्रयास गरेको | | वार्षिक योजना अनुरुप विद्यार्थीको स्तर मापन गरी विवरण अध्यावधिक गरेको | १ | ४ | उक्त कार्यक्रमको अभिलेख, कक्षा अवलोकन | |
| | | | | | वार्षिक योजना अनुरुप स्तर मापनको नतिजा बमोजिम विषयगत क्रियाकलाप सञ्चालन गरेको | १ | | क्रियाकलाप सञ्चालन अभिलेख | |
| | | | | | सिकाइ उपलव्धि वृद्धिका लागि लक्ष्य निर्धारण गरेको | १ | | निर्धारित लक्ष्यको अभिलेख | |
| | | | | | सबै कक्षा, तह र विद्यालय स्तरीय अभ्यासमुखी गणित शिक्षण सिकाइमा जोड दिई गणित सिकाइ प्रतियोगिता वार्षिक योजना अनुरुप गराएको | १ | | अभिलेख | |
| ६.९ | उत्प्रेरणा | विद्यालयको आन्तरिक स्रोत र अनुदान | शिक्षकको कार्य सम्पादन करारको मूल्यांकन एवं अघिल्लो वर्षको औसत सिकाइ उपलव्धिका आधारमा सर्वोत्तम अङ्क ल्याउने शिक्षकलाई सम्मान/पुरस्कार र औसत सि.उ.मा न्यूनतम अङ्क ल्याउने शिक्षकलाई चेतावनी | | विद्यालय शिक्षकसँग कार्य सम्पादन करार गरी पुरस्कार एवं दण्डको व्यवस्था गरी सकारात्मक रुपमा उत्प्रेरित गरेको | १ | ४ | वि.व्य.स. बैठकको निर्णय कपी | |
| | | | | | कार्य सम्पादन सम्झौता बमोजिम मूल्यांकन गरी सो को नतिजा नगरपालिकाको शिक्षा शाखामा पठाएको | १ | | अभिलेख | |
| | | | | | प्रधानाध्यापकले यस सम्झौता बमोजिम स्व-मूल्यांकन गरी सो को नतिजा नगरपालिकाको शिक्षा शाखामा पठाएको | १ | | अभिलेख | |
